दुधपोखरी गाउँपालिका

गाउँकार्यपालिको कार्यालय

गौडा , लमजुङ

# दुधपोखरी गाउँपालिकाको
# आ.ब. २०८०।०८१ को नीति तथा कार्यक्रम

गाउँसभा मिति २०८०।३।८-१०

उपस्थित गाउँपालिका उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकिय अधिकृत ज्यू, वडा अध्यक्ष ज्यू, गाउँ कार्यपालिका सदस्यहरु, गाउँसभा सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारी साथीहरु, एवं उपस्थित सम्पूर्ण महानुभावहरु

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाइ विभिन्न सुझाव दिने यस गाउँपालिकाका राजनैतिन दलका प्रमुख एवं प्रतिनिधि, आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। आन्तरिक सु-शासन र सबल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको आशा लिएको छु ।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिकावासीको समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृध्द गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाइ समेत प्रभाव पारेकोछ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गै स्थानीय तहले पाउनु पर्न वित्तीय हस्तारणमा नकारात्मक असर पुगेकोछ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर बिदेशिनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर वनाएकोछ । आन्तरिक र वाह्य

वसाइ सराइका कारण नेपालका गाउँघरहरू सुनसान बस्तीको रूपमा रूपान्तरित हुन पुगेकाछन । उब्जाउ खेत वारी बाँझो हुन पुगेकाछन । यस सन्दर्भमा युवालाइ देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाइ आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलापमार्फत अगाडि बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्यछ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रभावमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

समृद्ध नेपाल , खुसी नेपाली भन्ने संघीय सरकारको मूल नाराका साथ उन्नती र समृद्धिको अग्रगामी अभियानमा अग्रसर भएको र गतिशील रहेको सन्दर्भमा संघीय प्रणाली र तिन तहको ढाँचामा आधारित सरकारको माध्ययमबाट स्थायी शान्ती, स्थिरता, सुशासन र दिगो विकासका प्रतिफलहरु जनता समक्ष पस्कने दायित्व आफ्नो काँधमा रहेको कुरालाई मनन गर्दै समृद्ध दुधपोखरी , सुखी दूधपोखरी बासीको नारा सहित स्थानीयबासीहरुको स्वास्थ्य, शिक्षा, वातावरणीय स्वच्छता, मर्यादित जीवनस्तर, सभ्यता र सुशासनको प्राप्ति तथा मानव उर्जाको निर्माण, त्यसको उपयोग र परिचालनबाट समता मूलक र दिगो उत्पादन प्रणाली सहितको , सुख र समृद्धिको साझा चाहना, आकाङ्क्षा र सपना बोकेर काम गरी रहेको कुरा यहाँहरु समक्ष राख्न चाहन्छु ।

नेपालको संविधान र संविधानले प्रदान गरेका संघीय ,प्रदेश र स्थानीय तहमा रहेका एकल तथा साझा अधिकार र दूधपोखरी गाउँपालिकाले अंगिकार गरेको जनआकंक्ष प्रतिबिम्ब स्वरुप राजनीतिक दलहरुले निर्बाचनका बेला जनता समक्ष प्रस्तुत गरेका घोषणापत्रहरु र हाम्रा योजनाहरु नै यस दूधपोखरी गाउँपालिकाको लागि निरन्तरको गन्तब्य निर्धारण गर्ने र योजना तर्जुमा गर्ने मूल आधार र मार्गदर्शन हुन् ।

आदरणिय गाउँसभा सदस्य ज्यूहरु

धन प्रसाद गुरुङ
अध्यक्ष

म अब आगामी आ.ब. २०८०।०८१ को बर्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अघि यो चालु आ.ब. २०७९।०८० मा यस दुधपोखरी गाउँपालिकाले हासिल गरेका केही महत्वपूर्ण उपलब्धिका बारेमा केही संक्षेपमा उल्लेख गर्न चाहान्छु ।

१ पालिका स्तरिय १५ शैयाको अस्पताल आ.ब. २०८०।०८१ मा पूर्ण सम्पन्न हुने अवस्थामा रहेको छ ।

२ गाउँपालिका भित्रका युवाहरुको प्रतिभा प्रस्फुटन, आपसी सदभाव , एकता कायम गर्ने तथा राष्ट्रमा युवा खेलाडीको उत्पादन गर्ने गरी अध्यक्षकप एवं राष्ट्रपति रनिङ शिल जस्ता खेलकुद कार्यक्रम संचालन गरिएको छ ।

३ स्थानिय उत्पादन बजार सम्म पुराउन आवतजावमत तथा जन जीवन सहज बनाउन र पर्यटन प्रवर्धन गर्न प्यारजुङ पात्ले सडक , लामागाउँ जोर्ने सामघडेरी सडक , वोरङखोला कुनाघाट सडक, पदमार्ग , लामागाउ सामघडेरी सडक , सामघडेरी पोखराटार सडक, कुयले ताजि ठुलो काभ्रे सडका, जोर्नि इलामपोखरी पर्यटन मार्गहरु यसै आवमा निर्माण सम्पन्न हुने अवस्थामा पुगेको छ ।

४ गाउँपालिकाको प्रशासकीय भवन निर्माण सम्पन्न भइ बिद्युत लाइन , इन्टर नेट सेवा उपलव्ध गराइ आगामी आवाबाट दुधपोखरी गाउँपालिकाको प्रशासकीय कार्यहरु सूचारु हुने छ ।

५ स्थानिय श्रोत साधन परिचालन , सामाजिक परिचालन , गरिवि निवारण , स्थानिय उत्पादनको बजारीकरण , रोजगारी श्रृजना र समाजका तल्लो बर्गलाइ सक्षम , दक्ष र आत्मनिर्भर बनाउन यस गाउँपालिकामा गरिबि निवारणको लागि लघु उद्यम बिकास कार्यक्रम संचालन गरिएको छ ।

६ सामुदायिक बिद्यालयमा अध्ययनरत छात्राहरुलाइ निःशुल्क सेनेटरी प्याड व्यवस्थापन तथा बितरण गरिएको छ भने राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट सामुदायिक बिद्यालयहरुको गुणस्तर सुधार भएको छ । शिक्षा ऐन तथा नियमावली निर्माण भएको र कक्षा १ देखि ३ को स्थानिय पाठ्यक्रम निर्माण गरी शैक्षिक सु-शासन कायम गरिएको छ ।

धन प्रसाद गुरुङ
अध्यक्ष

७ स्थानिय व्यक्तिहरुलाइ बर्षादको समयमा आवात जावत सहज र सरल बनाउनका लागि आगामि आव मा झोलुङगे पुल हरु सम्पन्न हुने अवस्थामा रहेका छन ।

८ बाढी ,पहिरो, भू-क्षय , आगलागि जस्ता प्राकृतिक प्रकोपहरुको असर न्यूनिकरण गर्ने बिभिन्न प्रयत्न गरिएको तथा प्रकोपमा परेकालाइ आर्थिक राहत उपलव्ध गराइ पहिरो पन्छाइ यातायात सूचारु गरिएको छ ।

९ प्रधानमन्त्रि रोजगार कार्यक्रम अन्तरगत न्यून आय भएका पालिका बासीहरुलाइ उक्त कार्यक्रममा समावेश गरी निजहरुको जीवन स्तरमा सुधार ल्याउने पहल गरिएको छ ।

१० दुधपोखरी गाउँपालिका वार्ड नं. १ र २ मा मौरी पकेट कार्यक्रम संचालन गरिएको छ भने खोर सुधार कार्यक्रम संचालन गरिएको छ ।

आदरणिय गाउँसभा सदस्यज्यूहरु

अब म आगामी आर्थिक बर्ष २०८०।०८१ को बार्षिक नीत तथा कार्यक्रमको मूल भागमा प्रवेश गर्न चाहन्छु ।

कृषि तथा पशु तर्फ

१ "दूधपोखरी गाउपलिकको आवश्यकता, कृषि क्षेत्रमा आत्मनिर्भरता " भन्ने मूल नाराका साथ युवाहरुलाई कृषिमा आकर्षण गराउन युवा स्वरोजगार र युवा लक्षित कार्यक्रमहरु संचालन गरिनेछ । रैथाने बाली कोदो तथा फापरको विस्तारका लागि खाधन्नमा आत्मनिर्भरता को नीति अवलम्बन गरिनेछ ।

२ दूधपोखरी गाँउपालिका भित्र एक घर एक बहु पोषणयुक्त करेसाबारीलाई विशेष आयोजनाका रूपमा आगाडी बढाइनेछ । यस्तो करेसाबारीमा सिजन अनुसारका तरकारी, कुरिलो, कागती , ओखर,टिमुर आदि बिरुवाहरुको उत्त्पादन सहित उपयोग गर्ने कार्यक्रम गरिने छ ।

३ कृषि क्षेत्रको विकास र प्रवर्धन गर्न गाउँपालिकाका विभिन्न कृषि योग्य जमिनलाई सम्भाव्यताका आधारमा तरकारी, फलफुल तथा पशुपालनका क्षेत्रको रूपमा घोषणा

प्रसाद गुरुङ
अध्यक्ष

गरि मौसमी तथा बेमौसमी तरकारी, फलफुल तथा पशु जन्य उत्पादनमा प्रोत्साहन गर्दै मौरि पकेट कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४ कृषि क्षेत्रको आधुनिककरण, यन्त्रीकरण , विशिष्टीकरण गरि उत्पादन र उत्पादकत्व वृद्धिमा जोड दिइनेछ । कृषकलाइ अनुदानमा कृषि यन्त्र उपलव्ध गराइने छ ।

५ दिगो कृषि विकास, जैविक विविधता, प्राकृतिक स्रोत तथा वातावरण संरक्षण बीच सन्तुलन कायम राख्दै बाझो निजी जमिन, सार्वजनिक खुला क्षेत्रको पहिचान गरी आगामी आ.ब. देखि चियाखेतिको परिक्षण गरिनेछ ।

६ गाउँपालिका भित्र कृषि व्यवसायिकतालाई जोड दिँदै नगदे बालीलाई प्रोत्साहन नगदे बाली उत्पादन बाट कृषकको आय आर्जनमा टेवा पुर्याउने नीतिलाई निरन्तरता दिइनेछ ।

७ महामारी किसिमका रोगहरु रोकथाम तथा नियन्त्रण गर्न भ्याकिनेशनका साथ पशु स्वास्थ्य शिविर तथा खोप कर्यक्रम संचालनका लागि गाउँपालिका र प्रदेश सरकारसँग सहकार्य गरि विशेष जोड दिई पशुपंक्षीमा लाग्ने विभिन्न रोग तथा परजीवीलाई रोकथाम तथा उपचार गर्नका लागि निःशुल्क औषधी र पूर्ण खोपको व्यवस्था गर्दै विपन्न परिवारका किसानका लागि खोर सुधार कार्यक्रम संचालन गरिने छ ।

८ विषादीको प्रयोगलाई निरुत्साहित गरि अर्गानिक खेतीको बिस्तारमा जोड दिइने छ।

गाउँसभहाका सदस्यज्यूहरु

पुर्वाधार विकासतर्फ

सडक

९ लामागाउँ जोर्नि समाघडेरी सडक , प्यारजुङ पात्ले सडक चिल्लि दोभान भन्ज्याङ जोर्ने सडक निर्माणका लागि संघिय् सरकार , प्रदेश सरकार र यस कार्यालयको साझेदारीमा निरन्तरता दिइनेछ ।

धन प्रसाद गुरुङ
अध्यक्ष

१० आगामी आ.ब. मा सडक स्तरोन्नति बाहेक नयाँ टयाक खोल्ने कार्यलाइ बन्द गरिने छ ।

११ दूधपोखरी गाँपालिकाको सदरमुकाम देखि सबै वडा कार्यालयहरु सम्म बाह्रै महिना सडक संचालन हुन सक्ने व्यवस्था मिलाइने छ ।

१२ योजनाहरुको गुणस्तर कायम गर्का लागि प्राविधिक प्रयोगशालाको व्यवस्थापन गर्न भौतिक सामाग्रीहरुको व्यवस्था मिलाइने छ ।

भवन निर्माण

१३ स्वीकृत मापदण्ड विपरीत निर्माण कार्य गरिएका संरचनालाई विशेष व्यवस्था सहित कानुनी दायरामा ल्याई त्यस्ता कार्य गर्नेलाई निरुत्साहित गरिनेछ । घर अभिलेखिकरण र घर नक्शा पासको व्यवस्था मिलाइने छ ।

खानेपानी तथा सरसफाई

१४ खानेपानी आयोजनाहरुमा अपनत्व बोध गराउन खानेपानी आयोजनाहरुमा अनिवार्य मर्मत संभार कोष स्थापना गरिने छ र जसका लागि अनिवार्य पानी महशुलको सुरुवात गरि समितिको कोषमा रकम जम्मा गर्ने व्यवस्था मिलाइनेछ ।

१५ स्वच्छ पिउने पानीलाई उच्च प्राथमिकता राखी भएका स्रोतहरुको अधिकतम प्रयोग र समानुपातिक वितरणमा जोड दिई स्रोतको अनुपातमा धाराहरुको व्यवस्था गरिनेछ ।एक घर एक धारा अभियानलाई निरन्तरता दिइने छ ।

ऊर्जा

१६ पालिका भित्र आवश्यकताको आधारमा सौर्य ऊर्जा प्रवर्द्धनमा जोड दिइनेछ ।

१७ ऊर्जाको मुख्य स्रोतका रुपमा प्रयोग भएको दाउरा माथिको निर्भरतालाई कम गर्न वायो ग्यास सौर्य ऊर्जा जस्ता प्रविधिहरुमा लगानी विस्तार गरिने छ ।

उद्योग

धन प्रसाद गुरुङ
अध्यक्ष

१८ स्थानीय तहमा संचालित ठूला तथा साना उद्योग तथा व्यवसायलाई कानुनी दायरामा ल्याउन न्यून करको माध्यमबाट करको दायरा फराकिलो बनाइ आन्तरिक आय संकलन गरिने छ ।

पर्यटन

१९ प्राकृतिक रुपले रमणीय स्थानमा रहेको यस गाउँपालिका ऐतिहासिक, धार्मिक, सांस्कृतिक धरोहरहरुको रुपमा रहेका यस क्षेत्रका पौराणिक मठ-मन्दिर देवलहरुको संरक्षण गरि थप निर्माण कार्यमा जोड दिइ पर्यटकीय क्षेत्र घोषणा गरि पर्यटकमैत्री संरचना निर्माण गरिनेछ ।

२० गाउँपालिकाको पर्यटकीय क्षेत्रको विकास, विस्तार र बजारिकरण गर्न पर्यटन पदमार्ग निर्माणका लागि अन्तरपालिका समन्वय र ट्रेकिङ एजेन्सज् एसोसियसन् अफ नेपाल (टान) सँग समन्वय गरी बुद्ध हिमाल-हिमाल चुली ग्रेट लेक सर्किट ट्रेल खोज अनुसन्धान डिजाइन योजना तथा डिपिआर निर्माण एवं प्रवर्धन समेतको कार्य गरिनेछ ।

स्वास्थ्य

२१ गाउँपालिका स्तरीय १५ शैयाको अस्पताल निर्माण कार्य सम्पन्न हुन लागेको ले उक्त अस्पतालमा आवश्यक भौतिक सामाग्री एवं दक्ष जनशक्तिहरुको व्यवस्थापनमा जोड दिइनेछ ।

२२ बर्थिङ सेन्टर नभएका स्वास्थ्य चौकीमा भौतिक पूर्वाधारको कार्य गरि प्रसुति केन्द्र संचालनका लागि प्रदेश सरकार संग समन्वय गरी कार्य गरिनेछ ।

२३ जेष्ठ नसगरिकहरुलाई टोल-टोलमा गइ स्वास्थ्य जाँच गर्ने कार्यलाइ संचालनमा ल्याउने छ । प्रत्येक ६ महिनामा दूधपोखरी गाउँपालोकाका सबै विद्यालयका विद्यार्थीहरुलाई जुका औषधी नियमित खुवाउने कार्यलाई निरन्तरता दिइनेछ । सबै स्वास्थ्य चौकी र स्वास्थ्य इकाइमा निःशुल्क औषधीहरु नियमित रुपमा उपलब्ध भईराखेको छ । यसको सुनिश्चितताको लागि आवश्यक व्यवस्था मिलाइनेछ र विभिन्न संघ संस्थाहरु मिलेर स्वास्थ्य शिविरहरु संचालन गरि निःशुल्क उपचारको व्यवस्था मिलाइनेछ ।

धन प्रसाद गुरुङ
अध्यक्ष

२४ सुरक्षित मातृत्व कार्यक्रमलाइ प्रभावकारी रुपमा संचालन गर्न आवश्यक व्यवस्था मिलाइने छ । स्वास्थ्य संस्थामा प्रसूती हुने माहिलालाई प्रोत्साहनको व्यवस्था गर्ने गरि नीति लिइनेछ ।

२५ प्रजनन स्वास्थ्यलाई विशेष रुपमा सुरक्षित गर्भपतन लगायतका सेवालाइ सुरक्षित सर्व सुलभ र पहुँच योग्य बनाउन र सेवा केन्द्रको संख्यालाई थप गर्न दक्ष जनसक्तिको व्यवस्थापन तथा तालिम तथा प्रजनन स्वास्थ्य सेवा सम्बन्धी कार्यक्रमलाई विशेष जोड दिइनेछ ।

२६ पोषणको सन्दर्भमा विशेष कार्यक्रम संचालन गरिनेछ ।

२७ पूर्ण खोप युक्त गाउँपालिका भइसकेको हुँदा यसको निरन्तरताको लागि आवश्यक कार्य गरिनेछ ।

२८ गाउँपालिका भित्र रहेका खोप केन्द्रको भवन (EPI CLINIC) क्रमशः निर्माण गरि सुरक्षित खोप सेवा प्रदानको व्यवस्थालाई विशेष ध्यान दिइनेछ ।

२९ घरमा हुने सुत्केरीलाई निरुत्साहित गरिने छ र शुन्य घर सुत्केरीको अवस्थालाई अभियानका रुपमा अगाढि सारिने छ ।

३० स्वास्थ्यकर्मीको क्षमता विकासको लागि विशेष जोड दिइनेछ । राम्रो काम गर्ने स्वास्थ्यकर्मिलाई पुरस्कृत गरिने नीति ल्याइने छ

३१ क्यान्सर, मुटु, मृगौला, सिकलसेल एनिमिया, स्पाईन इन्जुरी, पार्किन्सन, अल्जाइमर र हेड इन्जुरी लगायतको उपचारको लागि अति गरीब बिरामीलाई आर्थिक सहयोग गर्ने नीति लिइनेछ ।साथै गाउँपालिकाको तर्फबाट बिभिन्न रोगलागि आर्थिक सहायता आवश्यक पर्ने नागरिकलाई केहि मात्रामा भएपनि आर्थिक सहायता उपलब्ध गराउने नीति लिइनेछ ।

३२ यस गाउँपालिका भित्र रहेका महिला स्वाश्थ्य स्वयम सेविकाको कार्यमा सम्मान गर्दै पालिकाबाट यातायात खर्च स्वरूप प्रोत्साहन गर्ने नीति लिइनेछ ।

३३ विभिन्न रोगका कारण हुन सक्ने महामारीजन्य समस्यालाई नियन्त्रण गर्नको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

धन प्रसाद गुरुङ
अध्यक्ष

३४ स्थापना भएका स्वास्थ्य संस्थाको आन्तरिक व्यवस्थापनको लागि आवश्यक पर्ने भौतिक तथा वित्तीय श्रोतको व्यवस्था पालिकाबाट गर्ने नीति लिइनेछ ।

शिक्षा

३४ शिक्षाको गुणस्तर वृद्धि गर्न दुधपोखरी गाउँपालिकाबाट लाभको पद धारण गरेका जन प्रतिनिधि, शिक्षक र कर्मचारीहरुका बालबालिकालाइ सामुदायिक बिद्यालयमै अध्ययन गराउने व्यवस्था मिलाइने छ ।

३६ दुधपोखरी बासीको इच्छा, गुणस्तरीय र प्रबिधिमैत्री शिक्षा भन्ने नारालाइ आत्मासाथ गर्दै गाउँपालिकाका सबै बिद्यालयहरुलाइ सुचना प्रविधिको उच्चतम ज्ञान हासिल गराउने नीति लागु गर्न आइसिटि तालिम, आइसिटि सामाग्री ब्यबस्थापन तथा प्राबिधिक सिप अभिबृद्दीमा जोड दिइनेछ।

३७ हाम्रो स्कुल बनाउ राम्रो स्कुल भन्ने राष्ट्रिय नारालाइ मुर्त पार्न सामुदायिक बिद्यालयलाइ बिद्यार्थी र समुदायको आकर्षणको केन्द्र बढाउन बिद्यालयको मूर्त स्याहार, भौतिक पुर्वाधार बिकास, बालमैत्री सामाग्री ब्यबस्थापन, फर्निचर ब्यबस्थापन ,बिषयगत शिक्षक पुनर्बितरणमा सहयोग पुर्याउन बिद्यालयहरुलाइ दिदै आएको निशर्त अनुदानलाइ निरन्तरताका साथ थप बैज्ञानिक बनाइनेछ।

३८ बिद्यार्थी सङ्ख्या, भुगोल, शिक्षक सङख्या तथा आबश्यकताका आधारमा बिद्यालय समायोजन, कक्षा थपघट वा बन्द, बिषयगत दरबन्दी मिलान वा शिक्षक चक्रीय सरुवा प्रणालीलाइ मापदण्ड तथा कार्यबिधि निर्माण गर्न नीतिगत ब्यबस्था गरिनेछ।

३९ उच्च मनोबल र हौसलाका साथ शिक्षकलाइ कार्य गर्ने वातावरणको निर्माण गर्न शिक्षकलाइ बिषयगत तथा पेशागत बिकासका पुनर्ताजगी तालिम, नविनतम सिकाइ प्रबिधिको सिप बिकासका अबसरहरु, कक्षाकोठामा पेशागत सहयोग, शैक्षिक सामाग्रीको प्रबन्ध गराइ शिक्षक बिद्यार्थीका लागि भन्ने मुलमन्त्रलाइ कार्यान्वयनमा ल्याइनेछ।

४० बालबालिकालाइ बिद्यालयमा ल्याउने, टिकाउने र सिकाउने भन्ने रणनीतिलाइ सफल बनाउन बालबिकासमा कार्यरत सहजकर्ताको क्षमताबिकासमा बृद्दि गर्ने, शैक्षिक समाग्री निर्माण कार्यशालाको आयोजना गरि बालमैत्रि कक्षाकोठा निर्माण गर्ने,

प्रसाद गुरुङ
अध्यक्ष

बिद्यार्थीको सर्वाङ्गीण बिकासका लागि अतिरिक्त क्रियाकलाप, खेलकुद गतिबिधि,बौद्दिक बिकासका लागि फ्राइडे फर फ्युचर कार्यक्रमहरु सन्चालन गरिनेछ। छात्रा छात्राबृत्ति, दलित तथा बिपन्न लक्षित छात्राबृत्ति, दिवा खाजा, कक्षा ६-१२ का छात्राहरुलाइ निशुल्क स्यानेटरी प्याडको ब्यबस्थालाइ निरन्तरता दिइनेछ।

४१ स्थानिय आबश्यकता र परिबेश अनुसार निर्माण भएको हाम्रो दुधपोखरी नामक स्थानिय पाठ्यक्रम कक्षा १-३ मा पठन पाठन गरिनेछ र अन्य कक्षाको पाठ्यक्रम निर्माण गरि पाठ्यपुस्तक समेत प्रकाशन गरिनेछ। आवधिक परीक्षामा एकरुपता कायम गराइ शैक्षिक प्रतिस्पर्धा गराइनेछ। शैक्षिक प्रस्तावनाका आधारमा खुल्ला रुपमा बिद्यालयको प्रध्यानध्यापक छनौट प्रकृयलाइ सुरुवात गरिनेछ।

सरसफाई तथा स्वच्छता

४२ दूधपोखरी गाउँपालिका भित्रको फोहोर मैला व्यवस्थापनलाई दिगो र प्रभावकारी बनाउन गाउँ बस्तीबाट टाढा रहेको क्षेत्रमा फोहोर व्यवस्थापनको निति लिइनेछ ।

४३ गाउँपालिकाको पर्यटकिय क्षेत्रहरुमा सार्वजनिक शौचालय र खानेपानीको सुविधा पुर्याइनेछ ।

४४ एक घर एक चर्पि कार्यक्रम अनुरुप हरेक घरमा सफा चर्पी निर्माणमा जोड दिइ पानी जन्य सरुवा रोग नियन्त्रणमा आवश्यक कार्यक्रम अगाडि बढाइने छ ।

गाउँसभाका सदस्यज्यूहरु,

समावेशीकरण

४५ महिलाहरुको नेतृत्व र निणार्यक भुमिका स्थापित गर्न सामुदायिक विकासका कार्यहरुमा समान सहभागिताको लागि उपयुक्त वातावरण प्रदान गरिनेछ ।

४६ महिलाहरुलाई सीप र रोजगारीमा समान अवसर उपलब्ध गराई समान कामको समान ज्यालाको सुनिश्चितता गरिनेछ ।

धन प्रसाद गुरुङ
अध्यक्ष

४७ महिला, दलित,आदिवासी जनजाति, लोपन्मुख तथा सिमान्कृत वर्गको क्षमता अभिवृद्धि र सशक्तिकरणका कार्यक्रमहरु लागू गरिनेछ ।परम्परागत पेशाहरुको वैज्ञानिकीकरण गर्दै आय आर्जनतर्फ उन्मुख गर्ने कार्यक्रम लागू गरिनेछ ।जातीय भेदभाव कसुर सजाय ऐनलाई प्रभावकारी कार्यावन्यन गर्न पालिकाबाट विशेष व्यवस्था गरिनेछ ।

बालबालिका युवा तथा खेलकुद

४८ परिमार्जन सहित खेलकुदका प्रतियोगिताको विधाहरु थपेर राष्ट्पति रनिङ्ग शिल्ड र अध्यक्ष कप प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

४९ "सकारात्मक सोच र उर्जाशिल युवा हाम्रो चाहना कुलत रहित स्वस्थ युवा दुधपोखरीको गहना" भन्ने नाराका साथ कुलतमा परेका युवाहरुका लागि विशेष कार्यक्रम संचालन गरि युवाहरुलाई सिपमुलक तालिम सञ्चालनको व्यवस्था गरिनेछ ।

५० सबै विद्यालयहरुमा राजनैतिक कार्यक्रमहरुलाई निरुत्साहित गरिनेछ ।

५१ शहीद बेपत्ताका छोरा छोरीहरू बाबु आमा गुमाएका टुहुरा बालबालिकाहरु संरक्षण गर्दै उनीहरुलाई विद्यालय सम्म ल्याउने सिकाउने र टिकाउने नीति मिलाइने छ ।

सार्वजनिक निजी साझेदारी कार्यक्रम

५२ सरकारी तथा निजी क्षेत्रको सहभागितामा भौतिक पुर्वाधारको विकास गर्न सार्वजनिक-निजी साझेदारीको अवधारणालाई प्रोत्साहित गरिनेछ ।

५३ साना पुर्वाधार निर्माणका लागि प्रोत्साहन गर्न गैर सरकारि क्षेत्र वा अन्य क्षेत्रबाट समेत लगानी गरेकोमा समपुरक कोषबाट केही रकम गाउँपालिकाले व्यहोर्ने गरि साझेदारी कार्यक्रम अगाडि बढाइने छ ।

वन वातावरण

५४ खानि जन्य उत्खननलाई व्यवस्थित गर्न पहल गरिनेछ ।

धन प्रसाद गुरुङ
अध्यक्ष

५५ गाउँपालिका अन्तर्गत रहेका वन क्षेत्र लगायत सबै स्थानीय सार्वजनिक जग्गाहरुको अतिक्रमण र अवैध उपभोगलाई रोक्नका लागि सरोकार निकायसँग समन्वय गरिनेछ ।

५६ गाउँपालिका भित्र हुने सबै खालका विकास निर्माण कार्यहरु गर्दा वातावरणीय पक्षलाई विशेष ध्यान दिइने छ ।

सूचना प्रविधि

५७ सूचना समप्रेषणलाई विश्वसनीय र मर्यादित बनाउन संचार संस्था तथा संचारकर्मीहरुसँग सहकार्य गरिनेछ।

५८ गाउँपालिकाका सबै कार्यालयहरुलाई इन्टरनेटका माध्यमबाट सबै वडाहरु, स्वास्थ्य चौकी, सामुदयिक विद्यालयहरुमा टेलिफोन, इन्टरनेटको क्रमिक रुपमा विस्तार गरिनेछ ।

शासन सेवा प्रवाह र जनशक्ति विकास

५९ जनताबाट निर्वाचित जनप्रतिनिधिहरु जनता प्रति उत्तरदायी जनताको पिर मर्का बुझ्ने व्यवस्था मिलाइने छ ।

६० गाउँपालिका भित्र भ्रष्टचारमा शून्य सहनशीलता नीति लिइनेछ ।उच्च कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई कार्यसम्पादनमा प्रोत्साहन गर्न र उत्कृष्ट कर्मचारीलाइ पुरस्कृत गर्ने प्रणालीको विकास गरिनेछ ।

६१ सार्वजनिक सेवा प्रवाहमा मितव्ययी, प्रभावकारी ढङ्गले कार्य सम्पादन गर्न कर्मचारीहरुको क्षमता विकास र सशक्तिकरण गर्ने कामलाई प्राथमिकता दिइनेछ ।

६२ सार्वजनिक खर्चको वित्तीय जवाफदेहिता सुनिश्चित गर्दै आन्तरिक खर्चलाई चुस्त बनाइनेछ र कार्यालयबाट हुने सबै भुक्तानी बैंक मार्फत हुने व्यवस्था मिलाइनेछ ।त्यसै गरी गाउँपालिका अध्यक्षले उपाध्यक्ष, वडाध्यक्षसँग र प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुखसंग मापन योग्य सूचकहरुसहित कार्यसम्पादन सम्झौता गरि सम्बन्धित पदाधिकारीहरुलाई नतिजा प्रति थप जवाफदेही बनाइनेछ ।

धन प्रसाद गुरुङ
अध्यक्ष

राजश्व प्रशासन

६३ गाउँपालिकाले हाल लिदै आएको कर, राजश्व, शुल्क आदिलाई थप व्यवस्थित र नियमन गरिनेछ ।हाम्रो गाउँपालिका हाम्रो कर, समृद्ध बनाउने हाम्रै रहर भन्ने नारालाई साकार पार्न राजस्वको आन्तरिक श्रोतको दायरालाई फराकिलो बनाइनेछ ।टोल-टोलमा कर मैत्री प्रशासनको अभियान सञ्चालन गरिनेछ ।

न्यायिक समिति

६४ विवाद समाधानको लागि मेलमिलाप तथा मध्यस्थता सेवालाई न्यायिक समिति मार्फत थप प्रभावकारी बनाइनेछ । हरेक वडामा मेलमिलाप कर्ता मार्फत विवाद समाधान गर्न मेलमिलाप केन्द्र स्थापना गरिनेछ ।

६५ न्यायिक समितिको क्षमता अभिवृद्धिको लागि कानुनी सचेतना र कानुन सम्बन्धी अभिमुखीकरण कार्यक्रमको व्यवस्था मिलाइनेछ ।

विपद व्यवस्थापन

६६ स्थानीय स्तरमा विपद पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सुचना प्रणाली, खोज तथा उद्धार, राहत सामाग्रीको पूर्व भण्डारण, स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण, विपद जोखिम क्षेत्रको नक्सांकन तथा बस्तीहरुको पहिचान र स्थानान्तरण गरिनेछ ।विपद व्यवस्थापनका लागि वडा-वडामा विपद व्यवस्थापन समिति गठन गरिनेछ ।विपद जोखिम न्युनिकरण गर्न विपद व्यवस्थापन कोष निर्माण गरि कार्यविधि अनुसार संचालन गरिनेछ ।

विविध

६७ अन्तर पालिका समन्वयात्मक र अन्य संघ संस्था संग समन्वय कार्यक्रममा कार्य संचालन गरिने व्यवस्था मिलाइने छ ।

६८ खरको छाना हटाउने व्यवस्था मिलाइने छ ।

६९ प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि साझेदारिका कार्य गर्ने व्यवस्था गरिनेछ ।

धन प्रसाद गुरुङ
अध्यक्ष

७० अति विपन्न घरपरिवारको जीवनयापनका लागि न्यूनतम आर्थिक सहयोग उपलब्ध गराइने छ ।गरीबी निवाकरणका लागि लघु उद्यम कार्यक्रमलाई थप प्रभावकारी रुपमा विस्तार गरिदैं लगिनेछ । साथै तालिम प्राप्त पक्ष व्यक्तिलाई अनुदानमा उपकरणहरु उपलब्ध गराइने छ ।

७१ कार्यालयको आवश्यकता अनुसार विज्ञबाट सेवा परामर्श लिइने कार्य गरिने छ ।

गाउँसभाका सदस्यज्यूहरू,

यी नीति तथा कार्यक्रमको कार्यान्वयनबाट "समृद्ध दूधपोखरी, सुखी दूधपोखरीबासी" को गन्तव्यमा पुगि समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न हाम्रो सरकारका प्रत्येक कार्यहरुको केन्द्रविन्दु आम नागरिक हुनेछन् ।सबैलाई समान अवसर, समान अधिकार, उत्तिकै सुरक्षा, उत्तिकै सम्मानको प्रत्याभूति गरिनेछ ।

अन्त्यमा

स्थानीय तहको समग्र विकास र समृद्धिका लागि यस नीति तथा कार्यक्रमले अंगिकार गरेका विषयहरुको कार्यान्वयन महत्तवपूर्ण हुनेछ । नेपालको संविधानले आत्मसाथ गरेका मान्यता र परिकल्पना राष्ट्रिय योजनाले आयोगले तयार पारेको पन्ध्रौ योजनाको आधार पत्र, दिगो विकास लक्ष्य दूधपोखरी गाउँपालिकाका आम जनसमुदायबाट प्रकट भएका भावनाहरुलाई यस नीति तथा कार्यक्रमले समेटेकोछ ।आगामी बजेटबाट नीति तथा कार्यक्रममा व्यक्त प्रतिबद्धतालाई सम्बोधन हुने विश्वास लिएको छु ।यो नीति तथा कार्यक्रम स्वच्छ, सुखी र समुन्नत स्थानीयको खाका सहित कार्यान्वयन योग्य दस्तावेजको रुपमा रहेको छ ।नीति तथा कार्यक्रम कार्यान्वयनमा स्थानीय सरकारलाई सबै क्षेत्रबाट भरपूर सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु साथै नीति तथा कार्यक्रमका लागि सुझाव दिनु हुने र तर्जुमाको कार्यमा संलग्न हुनुहुने सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

धन प्रसाद गुरुङ

अध्यक्ष

दुधपोखरी गाउँपालिका, लमजुङ